# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## जैमिनी नगरपालिका, बागलुङ

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय
काठमाडौं

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७६/७७
च.नं :

मितिः २०७७/३/२४

श्री प्रमुखज्यू,
जैमिनी नगरपालिका,
वागलुङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या: २०७६।७७
च.नं :

मिति: २०७७।३।२५

श्री नगरप्रमूखज्यू,
जैमिनी नगरपालिका,
वागलुङ ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ३ करोड ४१ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २० लाख १० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ८ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु. ६३ लाख ८ हजार र पेश्की बाँकी रु. ४९ लाख ९० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना चौबीस (२४) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

**जैमिनी नगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७५।७६**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उदेश्यले यस नगरपालीकाको स्थापना २०७३।११।२७ मा भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको कर्तव्य हो । यो नगरपालिका अर्न्तगत १० वडा, ५२ सभा सदस्य, ११८.७१ व.कि.मी. क्षेत्रफल, ३१३४० जनसंख्या रहेको छ यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.न. | विवरण | रकम | सि.न. | विवरण | रकम |
|---|---|---|---|---|---|
| १. | गत आ.व.को बांकी बैक नगद मौज्दात अ. ल्या | ४९६२२०४९।६६ | १. | वित्तिय समानीकरण सहित नगरपालीका चालू खर्च | ३९६९९०१८।५० |
| २. | गत आ.व.को बांकी बैक नगद मौज्दात अ. ल्या | ३२८०९४।०० | २. | वित्तिय समानीकरण सहित नगरपालीका पूजिगत खर्च | १३८७४५९१७।३१ |
| ३. | वित्तिय समानीकरण निकासा | १०१८०००००।०० | ३. | ससर्त अनूदान खर्च | २५७५७७५७०।७३ |
| ४. | ससर्त अनूदान निकासा | २७३३१५९०६।०० | ४. | सडक बोर्ड र नपा साझेदारी खर्च | ३७४२३६६।०० |
| ५. | ससर्त अनूदान निकासा सोझै भूक्तानी | ०।०० | ५. | वास चालू पूजिगत खर्च | ८६०५०००।०० |
| ६. | सामाजिक सूरक्षा कार्यक्रम ३६५०१५३ | ७५३४५०००।०० | ६. | सामाजिक सूरक्षा कार्यक्रम ३६५०१५३ | ७५३४५०००।०० |
| ७. | पूर्वाधार विकास साझेदारी ३६५१६०३ | ९९५००००।०० | ७. | पूर्वाधार विकास साझेदारी नपा सहित ३६५१६०३ | ८४२४७१२।६६ |
| ८. | प्रधानमन्त्री रोजगार ३७११०८३ | ४२२७०००।०० | ८. | प्रधानमन्त्री रोजगार ३७११०८३ | ३५८७२०३।०० |
| ९. | प्रदेश सामजिक विकास मन्त्रालय व.उ.शि.न. ७०४३७३५१३ र ७०४३७३५१४ | २७५००००।०० | ९. | प्रदेश सामजिक विकास मन्त्रालय व.उ.शि.न. ७०४३७३५१३ र ७०४३७३५१४ | २७३१०७६।०० |
| १० | केन्द्र बाट प्राप्त राजस्व वांडफाड | ५८७१६९०३।५६ | | | |
| ११ | सडक बोर्ड बाट | ३००००००।०० | | जम्मा | ५३८४५७८६४।२० |
| १२ | आन्तरिक आम्दानी | ३३९९३७६।०० | | **बैक मौज्दात** | **६६७९१८६८।३४** |
| | | | | संचित कोष बांकी | ४२१८२२६७०२ |
| | | | | चालू खर्च खाता बांकी | ९३५९३८४।५१ |
| | | | | संचित कोष बांकी ने बैली | १०४९२१०।६५ |
| | | | | चालू खर्च खाता बांकी ने बै ली | ३२१९८७८० |
| | | | | पूजिगत खर्च खाता बांकी ने बै ली | ५८६१२३।०० |
| | | | | पूजिगत खर्च खाता बांकी | १३२९२८९५।३६ |
| | | | | कट्टी दाखिला बांकी | २०५८६१८।९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निकासा फिर्ता र निकासा अनुदान फिर्ता बाकी | ९२६५१४३।६१ |
| | | | | **जम्मा** | **११३२३७६२।५२** |
| | | | | **यथार्थ बैक मौज्दात** | **५५४६८१०५।८२** |
| | **कूल जम्मा** | **५९३९२५९७०।०२** | | **कूल जम्मा** | **५९३९२५९७०।०२** |

| | **जैमिनी नगरपालिका** | **आ.व. २०७५।०७६** |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएको व्यहोरा** | **रकम** |
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । तदअनुरुप यस नगरपालिकाले वडा कार्यालयहरुलाई अख्तियारी नदिई दैनिक प्रशासनिक कार्य संचालन गर्न पेश्कि मात्र प्रदान गरेको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ। तदअनुरुप यस नगरपालिकाले ऐनले व्यवस्था गरे अनुसारको समयावधिभित्र वजेट पेश र पारित गरेको छ । | |
| ३. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य व्यहोराहरु तपशिल अनुसार रहेका छन् ।<br>● सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदन मा उल्लेख भए अनुसार विभिन्न मालसामान ममंत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>● मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ- टिडिएस नगरेको,<br>● स्वीकृत कार्यकम अनुसार चौमासीक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांस रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>● कायांलयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको, | |

- वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा नतोकेको,
- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (८) बमोजिम कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन गर्नुपर्ने उल्लेख भएकोमा सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको,
- कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइ लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,
- निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,
- खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको लगत तयार गर्नुपर्नेमा नगरेको,
- उपभोक्ता समितिवाट गरीएका धैरै काममा खर्चका प्रमाण परिक्षण गर्दा केहीमा मु.अ.करमा दर्ता नभएका फर्मको विल  राखेको,
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० (१) अनुसार प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधि भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको,
- वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको,
- स्वीकृत दरवन्दी ( नगरपालिका, वडाहरु, कृषि तथा पशु तर्फ) विभिन्न ४९ रहेकोमा दरवन्दी अनुसार २८ पदको मात्र पदपुर्ति भई ३ अधिकृत सहित २१ पदहरु रिक्त रहेको देखिन्छ ।

| | | |
|---|---|---|
| | दरवन्दीको तुलनामा अत्याधिक न्युन मात्रामा पदपुर्ति भएकोले अनावश्यक पदहरु खरेज तथा आवश्यक पदहरु पुर्ति गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५. | **आन्तरिक लेखापरीक्षण नगराएको :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले आय र व्ययको आन्तरीक लेखापरीक्षण गरेको छैन । आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ । अतः आन्तरिक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ६. | **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एवं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट वित्तिय पारदर्शिता र जवाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| ७. | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| ८. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्ष देखि संचालन भएका कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ९. | **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड वनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| १०. | **पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । सुविधामा पारिश्रमिक पर्ने नपर्ने विषयमा न्यायिक निकायमा विचाराधिन रहेको छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे वमोजिम यस वर्ष पालिकाले प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पारीश्रमिक (भत्ता वाहेक) रु.७५ लाख ५९ हजार खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा दिइने उल्लेख गरेको छ | |

। कार्यालयको कुल आन्तरिक आय रु. ३३ लाख ९९ हजार  रहेकोले आन्तरिक आयले पदाधिकारीको पारिश्रमिक सुविधा तथा अन्य भत्ता मात्र पनि धान्न नसक्ने अवस्था देखियो ।

| सि. नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष १०जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३२ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | २०००० | १०००० | ७००० | ७३९७००० |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | २००० | १५०० | १००० | | | १६२००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | - |
| ४ | खाजा भत्ता (मासिक) | - | - | - | - | - | - |
| ५ | पुस्तक पत्रपत्रिका (मासिक) | - | - | - | - | - | - |
| ६ | अनुगमन भत्ता (मासिक) | - | - | - | - | - | - |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | - | - | - | - | - | - |
| ८ | सरसफाई, मर्मत (मासिक) | - | - | - | - | - | - |
| ९ | अतिथि सत्कार (मासिक) | - | - | - | - | - | - |
| १० | यातायात खर्च (मासिक) | - | - | - | - | - | - |
| ११ | इन्धन (मासिक) | - | - | - | - | - | - |
| | **जम्मा** | ४७९००० | ४०८००० | २७२०००० | १०४०००० | २९१२००० | ७५५९००० |

११. **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ वमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नुपर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ ।

१२. **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ। ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

१३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। यस

| | | |
|---|---|---|
| | कार्यालयमा गाभिएका गाविस हरुवाट सामान प्राप्त गरी दालिखा गर्नुपर्नेमा सो अनुसार भए गरेको छैन । | |
| १४. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन संवन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १५. | **फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन ।<br>● ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माणको कार्य,<br>● फोहोर मैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापनको कार्य,<br>● फोहोर मैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्य,<br>● उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको व्यवस्था | |
| १६. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १७. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकीरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १८. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १९. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष राजश्व असुल गरेको छैन। सम्बन्धित यातायात व्यवस्था कार्यालयसंग समन्वय गरि हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभाबकारी बनाउनु पर्दछ । | |

२०. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको सूचि तयार नगरी सालवसाली योजनाहरुमात्र संचालन गरेको छ ।

२१. **सशर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७४।७५ च.न. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धि विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तन्तरण भएको र सशर्त अनुदनमा मूख्यतया शिक्षा, स्वास्थ्य र कृषि, पशुपन्छी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले रु.९२,६५,१४३ खर्च नभई वाँकी रकम संघीय सञ्चित कोषमा जम्मा नगरेकोले उक्त रकम संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु. ९२६५१४३

| व.उ.सि.न. | कार्यक्रम | रकम |
|---|---|---|
| ८०१३०५३ | सशर्त अनुदान | ७०८११३५ |
| ३७११०८३ | स्थानीय पूर्वाधार विकास साझेदारी | १५२५२८७ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३९७९७ |
| | प्रदेश सामाजिक विकास मन्त्रालय | १८९२४ |
| | **जम्मा** | **९२६५१४३. ००** |

२२. **राजश्वतर्फ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ। आ.व. २०७५/७६ मा आन्तरिक आयतर्फ रु.३३ लाख ९९ हजार आम्दानी प्राप्त भएको विवरण पेश भएको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

- ऐनको दफा ५५ मा सम्पत्ति कर तथा ५६ मा भूमिकर (मालपोत) लगाउने व्यवस्था भएकोमा लगत अद्यावधिक गरेको छैन। लगत अद्यावधिक नगरेको कारण उठनुपर्ने कर प्राप्त हुन नसकेको देखिन्छ।
- ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ।
- ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।
- ऐनको दफा ६२ ख मा सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनवाट राजस्व प्राप्त भएको छैन ।
- आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहहरु लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका संपूर्ण अभिलेख व्यवस्थित गरी राख्नु पर्नेमा नगदी रसिद र सो पोस्टीङ्ग

| | | |
|---|---|---|
| | गरेको अभिलेख प्रस्तुत भएन । नगदी रसिद नियन्त्रण समेत अध्यावधिक गराई नराखेकोले नगदी रसिदको अ.ल्या., यस वर्षको आम्दानी र वाँकीको विवरण एकिन गर्न सकिएन । । वर्तमान स्थानीय तहवाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिपालन गर्नुपर्दछ ।<br>● कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>● विभिन्न वडा तथा नगरपालिका आफैले आफुले प्राप्त गरेको राजस्व वुझाएको देखिएकोमा नगदी रसिदको अर्धकट्टी राखेको छैन भने म.ले.प.फा.नं. १०८ तथा १०८ (क) वमोजिम पटके रसिदको पोष्टीङ गर्नुपर्नेमा उक्त खाता नै नराखेकोले प्राप्त आय सही हो भन्ने अवस्था छैन । नगदी रसिद अनुसारको पोष्टीङ गरी उक्त खातामा चढाएको प्रमाण पेश गर्नुपर्दछ ।<br>● नगरपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।<br>● यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अध्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन । | |
| २३. | **असूली र दाखिला:** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने, प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा विभागीय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा नगरपालिकामा प्राप्त हुने आन्तरिक आयका सम्वन्धमा व्यवस्था गरिएको छ । कार्यालयले लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असूली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । यसवाट स्थानीय तहले देखाएको आन्तरिक आय (नगरपालिका र वडाहरुको समेत) रु. ३३,९९,३७६।०० म.ले.प.फा.नं. १०८ र २३ नभएकोले वास्तविक राजस्व असूली र दाखिलाका सम्वन्धमा एकिन हुन सकिएन । सो को एकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाईएन । साथै रसिद नियन्त्रण खाता अद्यावधिक नभएको तथा के कति नगदी र मालपोत रसिद छपाई भयो भन्ने रेकर्ड नराखिएकोले रसिद आम्दानी एकिन गर्न सकिएन । रसिद नियन्त्रण खातामा वितरण गरिएका रसिद हेर्दा रसिद नं. १०१०० देखि १०३५० सम्मका ५ प्याड र रसिद नं. १०५५१ देखि १०६०० सम्मको १ प्याड गरी कुल ६ प्याड नगदी रसिद नम्वर स्टोरमा तथा वितरण गरेको समेत नदेखिएकोले ति रसिद नम्वर सम्बन्धमा एकीन गर्नुपर्दछ ।<br>र्रि | |
| | **वित्तीय सामानीकरण चालु:** | |
| २४. | **आर्थिक सहायता:** नगरपालिकाले आन्तरिक, पूँजीगत खर्च शिर्षक तथा अन्य शिर्षकवाट खर्चको विल भर्पाइ राखी यस आ.व. मा १५७ जनालाई रु १५१८६००। आर्थिक सहायता स्ववरुप भुक्तानी गरेको छ भने आर्थिक सहायत वितरणको मापदण्ड वनाएको छैन । चालु खर्चलाई वान्छित सीमा भित्र राखी कूल खर्चमा पूँजीगत खर्चको हिस्सा बढाउदै लगी आर्थिक वृद्धि हासिल गर्नुपर्नेमा अनुदान तथा आर्थिक सहायता जस्ता अनुत्पादक चालु खर्चको वढोत्तरीले पूँजीगत खर्चको हिस्सामा संकुचन आएको छ । मापदण्ड तयार नगरी वितरण गरीने अनुत्पादक आर्थिक सहायतालाई नगरपालिकाले नियन्त्रण गर्नुपर्दछ । | |

| | | |
|---|---|---|
| २५. | **सामाजिक सुरक्षा करः** आयकर ऐन, २०५८ को दफा ९० मा सा.सु कर वापत कट्टि गरेको रकम प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र आन्तरिक राजस्व कार्यलयमा दाखिला गर्नुपर्ने उल्लेख छ । न.पा.ले १ प्रतिशत कट्टि गरी राखेको सा.सु कर रु.८४,४८३। दाखिला गरेको छैन । उक्त कर रकम जिल्ला स्थित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने रु. | ८४४८३.०० |
| २६. | **वहाल करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ मा स्थानीय निकायले आफ्नो क्षेत्र भित्रका घर जग्गामा वहाल कर लगाउने र सो कर रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था सोही ऐनको दफा ६९ मा उल्लेख छ । न.पा. ले वहाल कर वापतको रु.९५,०००। संचित कोष खातामा दाखिला गरेको छैन । उक्त वहाल कर रकम स्थानीय संचित कोष खातामा जम्मा हुनुपर्ने रु. | ९५०००.०० |
| २७. | **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८७ मा भुक्तानीमा कट्टि गरेको अग्रिम कर सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । न.पा.ले २०७५ चैत्र २७ देखि २०७६ आषाढ मसान्त सम्म विभिन्न भुक्तानीमा कट्टि गरेको अग्रिम कर रकम रु.७०,२६०। राजस्व दाखिला नगरेकोले सम्बन्धित आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | ७०२६०.०० |
| २८. | **पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा ८८ मा भुक्तानीमा कट्टि गरेको पारिश्रमिक कर सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । न.पा. ले २०७५ चैत्र २७ देखि २०७६ आषाढ मसान्त सम्म विभिन्न भुक्तानीमा कट्टि गरेको रु.३,५५,३६६। पारिश्रमिक कर राजस्वमा दाखिला नगरेकोले सम्बन्धित आन्तरिक राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | ३५५३६६.०० |
| २९. | **धरौटिः** विभिन्न प्रयोजनको लागी कट्टि गरेको धरौटि रकमको प्रत्यक कार्यालयले महालेखा नियन्त्रक कार्यालय वा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यलयले तोकेको वैंकमा खाता खोली धरौटि राख्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६२ मा उल्लेख छ । न.पा. ले विभिन्न व्यक्ति तथा फर्मसँग गरेको कारोवार रकमको ५ प्रतिशतले रु.४,८८,५८७। रकम धरौटि खाता खोली जम्मा गरेको छैन । उक्त धरौटि रकमको वैंकमा खाता खोली धरौटि वापत जम्मा गर्नु पर्ने रु. | ४८८५८७.०० |
| ३०. | **कर्मचारी संचयकोषः** मिति ०७५ चैत्र २७ देखि २०७६ आषाढ महिनासम्मको न.पा.का कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा नियमानुसार कट्टि तथा थप गरी राखेको कर्मचारी संचयकोष वापतको रु. ७३,०२५। रकम सम्बन्धित व्यक्तिको कर्मचारी संचयकोष खातामा जम्मा नगरेकोले जम्मा गरी प्रमाण पेश गर्नुपर्ने रु. | ७३०२५.०० |
| ३१. | **ना.ला.कोष तथा विमाः** नगरपालिकाका कर्मचारीको २०७५ चैत्र देखि २०७६ आषाढ सम्मको पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरेको नागरिक लगानी कोष जम्मा रु.९५,६९६। र विमा वापतको रु १,६३,२००। रकम कर्मचारीको सम्बन्धित खातामा जम्मा नगरेकोले जम्मा गरी सो को प्रमाण पेश गर्नुपर्ने रकम रु. | २५८८९६.०० |
| ३२. | **सोभ्कै खरीदः** सार्बजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । यसै गरी सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एकै पटक वा पटक पटक गरी रु. ५ लाख भन्दा बढीको सोभ्कै खरीद गर्न नहुने तथा एकै सस्थवाट एकपटक भन्दा बढी पनि सोभ्कै खरीद गर्न नहुने व्यवस्था छ । तसर्थ कार्यपालिकाले वार्षिक खरीद योजना वेगर पटक पटक सोभ्कै खरीद गरेको, एकै आपूर्तकबाट वार्षिक ५ लाख भन्दा बढी खरीद गरेको तथा एकै आपूर्तकबाट एक पटक भन्दा वढी सोभ्कै खरीद गरी ऐन, नियममा भएका ३ वटै व्यवस्था पालना नगरेकोले निम्नासुसारका खरिदमा खर्च गरेको निम्नानुसारको रकम अनियमित देखिएको रु. | ५०९३६६५.०० |

| सि.न. | गो.भौ.। मिति | खरिदको विवरण | आपुर्तकको नाम | रकम |
|---|---|---|---|---|
| १. | ४।०७५।६।२३ | मेशिनरी सामान | | ४९७२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | ५।०७५।६।२६ | औषधी | | ४९८७३० | | |
| ३. | १३।०७५।६।२३ | फर्निचर | | १७३६८७ | | |
| ४. | ३१।०७५।७।११ | फर्निचर | | ४२६०१० | | |
| ५. | ३२।०७५।७।१९ | फर्निचर | | ३०६७९५ | | |
| ६. | ३४।०७५।७।१९ | मेशिनरी | | ३१६००० | | |
| ७. | १२८।०७५।१०।९ | मेशिनरी | | १८०८०१ | | |
| ८. | १८८।०७५।११।१५ | फर्निचर | | ३६७२५ | | |
| ९. | २०४।०७५।११।२६ | औषधी | | २००००० | | |
| १०. | २०४।०७५।११।२६ | फर्निचर | | १००६९३ | | |
| ११. | ५१५।०७६।२।२७ | फर्निचर | | २८०३९९ | | |
| १२. | ६८६।०७६।३।१० | फर्निचर | | १२२००० | | |
| १३. | १३।२०७५।६।२३ | ओषधी तथा उपकरण | हित नुतन मेडिको फर्मा | ४५०००० | | |
| १४. | ९५।२०७६।३।३० | औषधी खरिद | भिमदेवी मेडिसिन सप्लायर्स | २२०५०० | | |
| १५. | ४५।२०७५।६।२३ | छपाई सम्वन्धी | धौलागिरी अफसेट प्रेस | ४५०८७० | | |
| १६. | ६९७।०७६।३।२२ | ल्यापटप र प्रिन्टर खरिद | प्रोफेसनल कम्प्युटर इन्स्टिच्युट | ४७९००० | | |
| १७. | ४४२।०७६।२।१४ | फर्निचर खरिद | सृष्टि फर्निचर | ३५४२५५ | | |
| | | | **जम्मा** | **५०९३६६५** | | |

**वित्तीय सामानीकरण पूँजीगत:**

३३. **मुल्य अभिवृद्धि कर कट्टी नगरेको:** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायअनुसार मिति २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. ५३११११.००

| सि.न. | गो.भौ.। मिति | कामको विवरण | फर्मको नाम | कुल भुक्तानी | कुल म.अ. कर रकम | ५०% मु.अ.कर |
|---|---|---|---|---|---|---|
| १. | ६६७।०७६।३।११ | वडा कार्यलय घेरावार कार्य | हिल साईनवोर्ड सेवा | ४६७८१५८ | ५५००९ | २७५०५ |
| २. | ६८६।०७६।३।१० | मेशिनरी सामान खरिद कार्य | गन्तव्य मोटो स्टाइल | १२२००० | १४०३५ | ७०१८ |
| ३. | ७१८।०७६।३।३० | डिजिटल साइनवोर्ड तथा डिस्प्ले वोर्ड खरिद कार्य | फ्यावुलस एण्ड इन्जिनियरिङ्ग क. | २०००३२ | २३०१३ | ११५०७ |
| ४. | ७२१।०७६।३।३० | कम्प्टर खरिद कार्य | प्रोफेशनल कम्प्युटर इन्स्टीच्युट | ९६५०० | ११११०२ | ५५५१ |
| ५. | ७४४।०७६।३।३० | टुरिजम मास्टर प्लानको डि.पि.आर तयार कार्य | एरोमा टेक्नोलोजी | ३९८०७० | ४५७९६ | २२८९८ |
| ६. | ७४५।०७६।३।३० | जैमिनी चक्रपथ को डि.पि.आर तयार कार्य | एमेलिया टेक्नोलोजी | १९७१८५० | २२६८५० | ११३४२५ |
| ७. | ७४६।०७६।३।३० | दहक्षेत्र मास्टर प्लान | स्ट्रेन्य इन्जिनियरिङ्ग | ६९४३८५ | ७९८८५ | ३९९४३ |
| ८. | ७४७।०७६।३।३१ | हाडिकोटको मास्टर प्लान कार्य | नारायणी ट्रेडिङ्ग एण्ड इन्जिनियरिङ्ग | ४९६७८७ | ५७०३८ | २८५१९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | ७४८।०७६।३।३१ | ल्याण्ड फिल्ड साइटको इन्जिनियरिङ्ग कार्य | स्ट्रेन्य डेभलपर्स प्रा.लि. | १९८४२८ | २२८२८ | ११४१४ |
| १०. | ७४९।०७६।३।३१ | वडा कार्यलय हल निर्माण कार्य | हिलसाइड निर्माण | १०९६०७८ | १२६०९७ | ६३०४९ |
| ११. | ७९४।०७६।३।१९ | एच.डि.पि. पाइप खरिद कार्य | क्वालिटी रिनेवल इनर्जि प्रा.लि. | ११४९२१० | १३२२१० | ६६१०५ |
| १२. | ४४९।०७६।३।२२ | कार्यालय सामान खरिद | अफिस सामान सप्लाई स्टोर्स | १७६२७३ | १९२४४ | ९६२२ |
| १३. | ६९५।०७६।३।२२ | web based examination management system खरिद | Times International Services and Surplus Pvt.Ltd. | ३९७७९४ | ४५९९४ | २२९९७ |
| १४. | ६९७।०७६।३।२२ | ल्यापटप र प्रिन्टर खरिद | प्रोफेसनल कम्प्युटर इन्स्टिच्युट | ४२३८९३.७८ | ५५१०६ | २७५५३ |
| १५. | ७५९।०७६।३।३० | गिटि वालुवाको आई.ई.ई. | एन.आर. कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ | ४९८३३० | ५७३०० | २८६५० |
| १६. | १।२०७६।३।१९ | उर्जा सम्वन्धी परामर्श | Epson Engineering | २९८५०० | ३४३४० | १७१७० |
| १७. | ५।२०७६।३।३० | USG Machine with convex Prove and Sony Printer | ओम सर्जिकल | ४९०००० | ५६३७१ | २८१८५ |
| | | | | | **जम्मा** | **५३११११** |

३४.

**उपभोक्ता समितिले निर्माण व्यवसायीवाट कार्य गराएको:** एक करोड सम्मको काम उपभोक्ता समिति वा लाभग्राहि समुदायवाट गराउँदा निश्चित कार्यविधिको पालना गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लेख छ । नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिएकोमा बाहेक निर्माण कार्यमा लोडर, एक्सावेटर, रोलर, डोजर, ग्रेटर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्वाईलर जस्ता हेभि मेशिन प्रयोग नगरी श्रममुलक प्रविधि अपनाउनुपर्ने समितिले आफुले प्राप्त गरेको काम निर्माण व्यवसायी वा कुनै सवकन्ट्रक्टरबाट गर्न नपाईने, निर्माण व्यवसायी संलग्न भएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी भविष्यमा काम नदिने गरी अभिलेख राखिने र निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरिने स्पष्ट उल्लेख छ । नगरपालिकाले उपभोक्ता समितिवाट कार्य गराएको कामको परीक्षण गर्दा सडकको ट्रयाक खोल्ने, सडक मर्मत, स्तरोन्नति गर्ने जस्ता अधिकांश काम समिति आफुले नगरेर निर्माण व्यवसायी मार्फत गराएको पाइयो । समितिसँग सम्झौता गरी निर्माण व्यवसायी मार्फत गराएको कार्यको विवरण यस प्रकार रहेको छन् ।

| सि.न. | गा.भौ.। मिति | निर्माण कार्यको नाम | संलग्न निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | २५।०७५।७।१८ | लरेनी वाकेचौर दुर्लेनी दुला सम्म कालिका गणेश प्रा.वि. मोटरवाटो | छन्त्याल कन्सट्रक्सन | २८५००० |
| २. | ४७।०७५।८।१८ | होपथेरा चिल्धारा जुङ्गथुम मोटरवाटो | हिलसाइड निर्माण सेवा | १९०००० |
| ३. | ५१।०७५।८।२४ | २ नम्बर वडा स्तरीय सडक मर्मत कार्य | हिलसाइड निर्माण सेवा | ३८०००० |
| ४. | ५४।०७५।८।२५ | वडा नं. ५,६,७ कृषि सडक मर्मत कार्य | ट्राइस्टार कन्सट्रक्सन | ५२२५०० |
| ५. | ५८।०७५।८।२५ | कालापाताल रामेचौर गाजादह सडक | छन्त्याल कन्सट्रक्सन | ४७५००० |
| ६. | ५९।०७५।८।२५ | वडा स्तरीय फुटकर योजना मर्मत कार्य | छन्त्याल कन्सट्रक्सन | २८५००० |

| | | | | |
|---|---|---|---|---|
| ७. | ७३।०७५।९।९ | भेडीखाल्टा महिला भवन माझवतासे हुदै कृषि सडक मोटरवाटो | ट्राइस्टार कन्सट्रक्सन | २८५००० |
| ८. | ९४।०७५।९।२२ | वोरखोला वोरचौर धुल्लुनेटा केकै खानी सडक | ट्राइस्टार कन्सट्रक्सन | ४६३९०३ |
| ९. | ११६।०७५।१०।२ | कागति चौर खोर मोटरवाटो | अमृत निर्माण सेवा | ४७५००० |
| १०. | ११९।०७५।१०।४ | करिडोर सुन्तलारुख सति ढुङ्गा चोखेक सडक | ट्राइस्टार कन्सट्रक्सन | ७०३००० |
| ११. | १२०।०७५।१०।४ | चौरागघुम्ति सडक | हिलसाइड निर्माण सेवा | ३८०००० |
| १२. | १३९।०७५।१०।१५ | जमूनाडाँडा चिडिला हुदै चिउरीबोट मोटरवाटो | हिलसाइड निर्माण सेवा | ३८०००० |
| १३. | २२०।०७५।११।२८ | वेलवगर वाओ भिकुल्ठान सतिढुङ्गा सडक | ट्राइस्टार कन्सट्रक्सन | ७७५००० |
| १४. | २३४।०७५।१२।४ | कमलजैसी भेडाराखे सडक | ट्राइस्टार कन्सट्रक्सन | २३७५०० |
| १५. | ४९७।०७६।२।२७ | कुस्मीसेरा सुन्तलाचौर गाजादह सडक | ट्राइस्टार कन्सट्रक्सन | ६१७५०० |
| १६. | ५२१।०७६।२।३० | चाउडेवारी नपाने खाल्टा पूरानोगाउँ मोटरवाटो | जयशम्भो कंडेल विल्डर्स | ३८०००० |
| १७. | ५४७।०७६।२।३० | धुसेनी फुर्केसल्ला नि.मा.वि खौर भिरराघिखोला जुङधुस करिडोर सडक | पौडेल निर्माण सेवा | १४२५००० |
| १८. | ६७०।०७६।३।१ | वडा नं. ६ को पूर्वाधार मर्मत सुधार | हिलसाइड निर्माण सेवा | ४७५००० |
| १९. | ७२०।०७६।३।३० | जैमिनी धाम कुस्तीसेरा सडक विस्तार | हिलसाइड निर्माण सेवा | १४२५००० |
| | ७८२।०७६।३।३० | निनिङ्गे कुस्तीसेरा खण्ड सडक | हिलसाइड निर्माण सेवा | ५७०००० |

नगरपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरेको उपरोक्त कार्य उ.स.ले स्वयं आफै नगरी निर्माण सेवा मार्फत गराएको कारण स्थानिय श्रमको प्रयोग नभएको, रोजगारीमा प्रतिकुल असर परेको र लागत अनुमान अंकमा सम्झौता गरी पुन निर्माण सेवा मार्फत कार्य गरेको कारण प्रतिस्पर्धा सिमित हुन गएको छ । समितिले प्राप्त गरेको कार्यमा निर्माण व्यावसायी संलग्न भएकोमा समेत नगरपालिकाले समितिलाई कुनै कारवाहि नगरेकोले उक्त कार्य कानून सम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३५. **पूँजीगत बाट चालु खर्चः** एकीकत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले यो वर्ष सभावाट पारित गरी रु.२५,४७,५००। चालु खर्च पूँजीगत बजेटमा समावेश गरी बजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिको खर्च चालु बजेट शीर्षकमा समावेश गरी बजेट खर्च लेख्नुपर्दछ । पूँजीगतवाट चालु खर्च लेखेको विवरण यस प्रकार छ ।

| सि.न. | गो.भौ.। मिति | चालु खर्च विवरण | रकम |
|---|---|---|---|
| १. | ३०।०७५।७।१९ | कृषि अध्ययन अवलोकन भ्रमण | २५०००० |

| | | | |
|---|---|---|---|
| २. | १३८।०७५।१०।१५ | डहरे पञ्चेवाजा समुहलाई दौरा सुरुवाल खरिद | ४७५०० |
| ३. | १४६।०७५।१०।२० | जैमिनी महोत्सवको लागी सहारा क्लव लाई भुक्तानी | ४७५००० |
| ४. | १५७।०७५।१०।२१ | सिद्ध वराह रुद्रताल गाजादह महोत्सव | ९५००० |
| ५. | १८१।०७५।११।०६ | जनप्रतिनिधि तथा संघ संस्थाको अवलोकन भ्रमण | १००००० |
| ६. | १८१।०७५।११।०६ | स्वयंसेविकाको प्रोत्साहन तथा भ्रमण खर्च | ५०००० |
| ७. | २२५।०७५।११।३० २३७।०७५।३।७ | साना किसान सहकारी संस्थाको खाजा खर्च तिजमेला दरखाने कार्यक्रम | ७७५०० |
| ८. | २३७।०७५।१२।७ | जैमिनी सांस्कृतिक आधारभुत विद्यालयलाई अनुदान | १३०००० |
| ९. | २७५।०७५।१२।१२ | म.स्वा.से. प्रोत्साहन भत्ता | १८०००० |
| १०. | २७५।०७५।१२।१२ | जनभावना प्रा.वि. लाई दिवा खाजाको रकम भुक्तानी | २५००० |
| ११. | ३४०।०७६।१।१५ | लोकसेवा तयारी कक्षा संचालन | ४७५००० |
| १२. | ६२३।०७६।३।१ | जेष्ठ नागरिक तथा अपांग सम्मान | १४२५०० |
| १३. | ३५७।०७६।२।२ | गलकोट महोत्सव | ५००००० |
| | | **जम्मा** | **२५४७५००** |

| | | |
|---|---|---|
| ३६. | **वढी कार्य देखाई भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सावर्जनिक निकायले रनिङ्ग विलको वा अन्य विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गरेको फाँटवारी परीक्षण गर्दा तपशिलका योजनामा वढी परिमाण कार्य गरेको देखाई भुक्तानी दिएको व्यहोरा यस प्रकार छ । | |
| ३६.१. | (क) ५४८।०७६।२।३० किटेनि कालाखोला सडक निर्माण कार्यको उपभोक्ता समितिलाई भुक्तानी भएको रु.७१२५००। को रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा विल अफ क्वान्टीटीको रोड कटिङ्ग कार्य ४८० मिटर रहेको र सो रोड कटिङ्ग कार्यमा नरम माटो १३४५।९३ घ.मि., कडा माटो १०८९।५७ घ.मि., नरम चट्टान २६।०७ घ.मि., मध्यम स्तर चट्टान ९२।७० घ.मि. र कडा चट्टान ४७।३३ घ.मि. समेत जम्मा २६०१।६० घ.मि. कार्य भएको तर सोहि सडकको सोहि चेनेजमा लेभलिङ्ग कार्य गरेको भनी १८९०। मिटर लम्वाई, ४।५० मिटर चैडाई र ०.२५ मि. उचाईको २१२६।२५ घ.मि.को प्रति घ.मि. ८० का दरले खर्च लेखेको पाईयो । रोड कटिङ्गको लम्वाई वरावर नै लेभलिङ्गको लम्वाई देखाउनु पर्नेमा रोड कटिङ्गको लम्वाई भन्दा लेवलिङ गरेको १४१०। मिटर वढीको १५८६।२५ घ.मि. को वढी खर्च लेखेकोले उपभोक्ताको अंश १०।५१ प्रतिशत घटाई वढी भुक्तानी भएको रु.१,१३,५६३। असूल हुनुपर्ने रु. | ११३५६३.०० |
| ३६.२. | (ख) ६७३।०७६।३।१ जौबाटी खोला दुवङ्ग श्री सगाउँ ओखते पाही नायखुम मोटरवाटो निर्माण कार्यको उपभाक्ता समितिलाई रु ९५००००। भुक्तानी दिएको फाँटवारी परीक्षण गर्दा ८८ मिटर लम्वाईमा रोड कटिङ्ग कार्यको ३८४.९० घ.मि.को कार्यभएको तर सोही कटिङ्ग गरेको स्थान र चेनेजमा ४३१०। मिटर लम्वाई ४.५ मिटर चैडाई र ०.२० मिटर उचाई को ३८७९। घ.मि. को लेभलिङ्ग गरेको प्रति घ.मि. ८० का दरले खर्च लेखेको छ । रोड कटिङ्गको लम्वाई ८८ मिटर रहेकोमा सोही लम्वाई वरवर मात्र लेभलिङ्ग कार्य देखाउन पर्नेमा ४२२२। मिटर वढीको ३७९९.८० घ.मि. को वढी खर्च लेखेकोले उ.स.को योगदान १४ प्रतिशत घटाई वढी भुक्तानी भएको रु.२,६१,४२६। असूल हुनुपर्ने रु. | २६१४२६.०० |
| ३६.३. | (ग) ७३९।०७६।३।३१ जाडीठेउले जिमिरेवन आउने नेटा खाल्टे सहराते विजुवा नाम्दुक सडकको स्तरोन्नती कार्यको उपभोक्ता समितिलाई रु.९५,०००।०० भुक्तानी भएको रनिङ्ग विल र सम्वद्ध नापी किताव परीक्षण गर्दा ग्याविन जालीमा ढुङ्गा भर्ने कार्यको नापी कितावमा १.५*१*१ थान जाली मेस साइजको ९ थान जाली प्रयोग भएकोले सो जालीमा १३.५ घ.मी. ढुङ्गा खपत देखाउनुपर्नेमा २४ | ४४६३६.०० |

| | | |
|---|---|---|
| | घ.मी. प्रयोग भएको देखाएकोले १०.५ घ.मी.को प्रति घ.मी. रु.४२५१।०० का दरले रु.४४,६३६।०० वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | |
| ३६.४. | (घ) सेरावजार पुछ्रारचौर कोटीडोर सडक निर्माण कार्यको उपभोक्ता समितिलाई रु.२१३७५०। भुक्तानी दिएको फाँटवारी परीक्षण गर्दा कार्यविवरणको कार्य मध्ये रोड कटिङको कार्य ६० मिटरको लम्वाईमा नरम माटो, कडा माटो गरी ७५० घि.मी. कटिङको खर्च लेखेकोमा सोही स्थान र सोही चेनेजमा २२०० मिटर लेवलिङको कार्य गरेको उल्लेख गरी (२२००*४*०.२) १७६० घ.मी. को प्रति घ.मी. ७५ ले खर्च लेखेको छ । रोड कटिङको कार्य ६० मिटर रहेकोमा लेभलिङको कार्य २२०० मिटर देखाएकोले वास्तविक देखाउनुपर्ने भन्दा २१४० मिटरको लेभलिङ कार्यको १७१२ घ.मी को वढी खर्च लेखेकोले उ.स.को १३.९८ प्रतिशत अंश घटाई वढी भुक्तानी भएको रु.१,१०,४५०। असूल हुनुपर्ने रु. | ११०४५०.०० |
| ३७. | **वढी भुक्तानीः** ८०।०७५।९।१० – वडा नं. ८ धुसा वाइनकुना वाल विकास प्रा.वि. नौले खेत खाला पपी वरेङ्ग सडक मोटरवाटोको नगरसभा वाट पारित वजेट रु.११,००,०००।०० मा ५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी रनिङ विल भुक्तानी गर्दा १०,४५,०००।०० वजेट खर्च लेख्नुपर्नेमा रु.१०,६५,०००।०० लेखेकोले वढी खर्च लेखेको रु.२०,०००।०० अशुल गर्नुपर्ने रु. | २००००.०० |
| ३८. | **सवारी साधनखरिदः** ७९५।२०७६।२।९- अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र सवारी साधन खरीद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस आ.व.मा अर्थ मन्त्रालयको स्वीकृति नलिई बतास व्रदर्श कम्पनी वाट फुलवडी जिप ( ९ सिटर,फोर हवील, पि.एस.,एसी) खरिद गरी रु.४२,२९,०००।०० खर्च लेखेको छ । अर्थ मन्त्रालयको स्वीकृति वेगर खरिद गरेको उक्त सवारी साधन खरिद कार्य नियमित देखिएन । | |
| ३९. | **वढी दरमा दैनिक भ्रमण भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयको कामको शिलशिलामा जाँदा द्रैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । त्यस्तै स्थानीय तहका पदाधिकारीहरुको सुविधा सम्वन्धी ऐन, २०७४ मा पदाधिकारीहरु दैनिक भ्रमण भत्ता उपलव्ध गराउने व्यवस्था छ । कार्यालयले अनशिक्षण कार्यक्रममा सहभागी हुन जाँदा नगर प्रमुख श्री इन्द्रराज पौडेललाई दैनिक भ्रमण वापत दैनिक रु.१,८००। का दरले ९ दिनको रु.१६,२००। भुक्तानी गर्नुपर्नेमा दैनिक रु. २,०००। का दरले भुक्तानी गरेकोले ९ दिनको प्रति दिन रु. २०० का दरले वढी भुक्तानी भएको असूल हुनुपर्ने रु. | १८००.०० |
| ४०. | **भ्याटमा दर्ता नभएकालाई भ्याट भुक्तानीः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा मु.अ.करमा दर्ता नभएको व्यक्तिले कर असूल गरेको देखिने कुनै विजक वा कागजात जारी गर्न र कर उठाउन नहुने र त्यसरी कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निजवाट असुल गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले कुश्मिसेरा जैमिनीघाट मोटर वाटोको डि.पि.आर. तयारी वापत जैमिनी इन्जिनियरिङ कन्सल्टेन्सीलाई मु.अ.कर सहित रु.१,३९,४३१ भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४०.१. | ७६०।२०७६।३।३० जैमिनी इन्जिनियरिङ कन्सल्टेन्सीलाई मु.अ.कर सहित रु.१,३९,४३१। भुक्तानी भएकोमा निजलाई मु.अ.कर विजक वेगर सो रकम भुक्तानी भएकोले मु.अ.कर वापतको निजलाई भुक्तानी भएको असूल हुनुपर्ने रु. | १६०४०.०० |
| ४०.२. | ७६०।२०७६।३।३० आयकर ऐन, २०५८ को दफा ८८ मा मु.अ.करमा दर्ता नभएको फर्म तथा व्यक्तिलाई नेपालमा श्रोत भएको व्याज, प्राकृतिक श्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन लगायत अन्य कुनै प्रतिफल रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । सो भुक्तानीमा समेत १५ प्रतिशतका दरले हुने रु.१८,५०८। कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतले हुने रु.२,०९२। मात्र कट्टी गरी भुक्तानी भएकोले कट्टी गर्न छुट भएको उक्त कन्सल्टेन्सीवाट असूल हुनुपर्ने रु. | १६४१६.०० |
| ४१. | **वीमाको कागजात संलग्न नरहेकोः** ४४६।०७६।२।१९ वडा नं. १० मा पशु वीमा कार्यक्रम संचालनको लागि साना किसान कृषि सहकारी संस्था लि. लाई रु.५,००,०००। भुक्तानी भएकोमा निम्नानुसारका | |

पशुहरुको वीमा गराएको भनी खर्च लेखेकोमा श्रेस्ता परीक्षण गर्दा श्रेस्तासाथ उल्लेखित पशुहरुको वीमा गराएको खुल्ने कुनै पनि प्रमाण कागजात संलग्न नरहेकोले वीमा गराएको प्रमाणित गर्ने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा साना किसान कृषि सहकारी संस्था लि. वाट असूल हुनुपर्ने रु. ४५८२२५.००

| **सि.नं.** | **पशुको विवरण** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|
| १. | भैंसी | ५५० | ८१२ | ४४६६०० |
| २. | गोरु | २५ | ३१५ | ७८७५ |
| ३. | राँगो | ६ | ६२५ | ३७५० |
| **जम्मा** | | **५८१** | **१७५२** | **४५८२२५** |

४२.

वार्षिक कार्यक्रम अनुसार बिभिन्न किसानहरुलाई बिरुवा र ५० प्रतिशत अनुदानमा मिनिट्रिलर उपलब्ध गराउने भनि नगरपालिकाको मिति २०७६।३।३० टिप्पणीमा निर्णय भई गोश्वरा भौचर नं. ७८९ मिति २०७६।३।३१ वाट अर्जुन प्रसाद श्रेष्ठको रु.८,६०,०००।०० पेश्की फछ्र्यौट भएको देखिन्छ । यस संवन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

४२.१. (क) खर्चका प्रमाण अनुसार कुल २३ वटा मिनिट्रिलर खरिद गरी प्रति कृषक रु.२०,०००। को दरले रु.४,६०,०००। अनुदान दिएको देखिएको र खर्च नभएको भनि वाँकी रकम रु १,४०,०००। संचित कोष फिर्ता गरेको देखिएकोले कुल फछ्र्यौटको प्रमाण रु. ६ लाख मात्र भएको तर पेश्की रु. ८,६०,०००। लगेकोले नपुग रकम रु.२६०,०००। आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुरुप व्याज समेत असुल गर्नुपर्ने रु .. २६००००.००

४२.२. (ख) कृषकहरुलाई रु.२०,०००। को दरले रु.४,६०,०००। अनुदान दिएकोमा कृषकले मिनि ट्रिलर उपलब्ध गराई पाँउ भन्ने पत्र नै २०७६ श्रावणको रहेको र कार्यालयमा दर्ता तथा तोकआदेश समेत सोही मितिमा भएको देखिन्छ । तर मिति २०७६।३।३१ मा पेश्की फछ्र्यौट भईसकेकोमा पेश्की फछ्र्यौट गरेको मितिपछिका कागजात राखी अनुदान दिएको देखिंदा अनुदानको सहि सदुपयोग भएको छ भन्ने आधार देखिएन । यस संवन्धमा आवश्यक छानविन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने रु.. ४६००००.००

४३. **जिन्सी आम्दानी नबाधेको**: तपशिलमा उल्लेखित गोश्वारा भौचरहरुबाट विभिन्न सामानहरु खरिद गरिएकोमा म.ले.प.फा.नं.४७ खर्च भएर नजाने जिन्सि खाता तथा म.ले.प.फा.नं. ५२ खर्च भएर जाने जिन्सी खातामा आम्दानी वाँधी भुक्तानी दिनु पर्नेमा सो नवाँधी पेश्की फछ्र्यौट गरेकोले जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु. ५६५६८०.००

| सि. नं. | भौ.नं मिति | सामानको नाम | पे.फ.गर्ने कर्मचारीहरुको नाम | रकम |
|---|---|---|---|---|
| १ | ७९०-२०७६।३।३१ | 32" Wega Led DTV 1 | देवराज शर्मा | २६००० |
| | | कार्पेट | | १४१७० |
| | | ल्यापटप | | ११०११० |
| २ | ७९२-२०७६।३।३१ | ९० एम.एम. को पाईप खरिद | नर बहादुर के.सि. | १५४०० |
| ३ | ७९१।०७६।३।२१ | प्लाष्टिक टनेल खरिद | अर्जुन प्रसाद श्रेष्ठ | ४००००० |
| | | | **जम्मा** | **५६५६८०** |

४४. **सामाजिक सुरक्षातर्फ:**

| | | |
|---|---|---|
| ४४.१. | सामाजिक सुरक्षातर्फ यस आ.व. मा कुल रु.७,५३,४५,०००। निकासा भएकोमा कुल खर्च रु. ७,५७,७३,४००। भएको छ । यसरी निकासा भन्दा वढी खर्च भएको रु.४,२८,४००। कार्यालयले वित्तीय समानीकरण चालुवाट खर्च लेखेको छ । | |
| ४४.२. | **गत आवको वाँकी फिर्ता:** प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणको पेश्की फछ्र्यौट गर्दा ओम डेभलपमेन्ट वैंकले गत आ.व. २०७४।७५ को वाँकी भनी रु.३२,०००। फिर्ता गरेको छ । सशर्त अनुदानतर्फको गत आ.व. को खर्च भएर वाँकी रहेको रकम गत आ.व. मै संघीय संचितकोषमा दाखिला हुनुपर्नेमा वैकवाट यस आ.व. मा मात्र फिर्ता आएकोले सो रकम संघीय संचितकोषमा फिर्ता हुनुपर्ने रु. | ३२०००.०० |
| ४४.३. | **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाको पौष मसान्त भित्र अनुसूचि ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ । जैमिनी नगरपालिका अर्न्तगतका १० वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । नगरपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४४.४. | **बैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा सबै लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने तथा उपदफा ३ मा खाता संचालन सम्वन्धी सुरक्षा विशेष वचत खाता सम्वन्धी व्यवस्था गरेको भएता पनि नगरपालिकाका १० वटा वडाहरुमध्ये ५ वटा वडाहरुमा लाभग्राहीको बैंक खाता खोलेको पाइएन । म.ले.प.का विगतका वर्षहरुको प्रतिवेदनमा समेत लाभग्राहीको वैंक खाता खोली वैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई अनिवार्य गराउन सुझाएकोमा सो को समेत कार्यान्वयन भएको पाइएन । तसर्थ कार्यालयले यस तर्फ तुरुन्त आवश्यक कदम चाली सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई यथासक्दो चाँडौ वैंकिङ प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| ४४.५. | **लाभग्राहीको नाम नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस नगरपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ४४.६. | **मूल अभिलेख तथा अन्य अभिलेख नराखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट गरी समयावधिभित्र एम.आइ.यस.मा प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले सवै लाभग्राहीको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन । नगरपालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४४.७. | **मृत्यु भएका लाभग्राहीको भत्ता वितरण** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ (ख) मा भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको महिना सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने सकिने व्यवस्था छ । नगरपालिकाले मृत्यु भएका व्यक्तिको मृत्यु भएको महिना सम्मको भत्ता वितरण गरेकोमा भत्ता बुझ्ने व्यक्ति को हो र मृतकसंगको निजको के सम्वन्ध हो सोको व्यहोरा खुलेको पाइएन । यसरी भत्ता वितरण गर्दा वास्तविक हकवालाले भत्ता बुझेको हो भन्ने विषयमा आश्वस्त हुन नसकीएकोले सो समेत छानविन गरी मृतक व्यक्तिलाई मृत्युपश्चात वितरण गर्न नमिल्ले वितरण भएको निम्नानुसारको रकम असूल गर्नुपर्ने रु. | ७२०००.०० |

| | क्र.स. | लाभग्राहीको नाम /थर | ठेगाना | मृत्यु भएको मिति | भुक्तानी भएको रकम | वढी भुक्तानी रु. | भत्ता भुक्तानी भएको चौमासिक |
|---|---|---|---|---|---|---|---|
| | १. | अन वहादुर पुन | वडा नं. १० | २०७५/६/१६ | ८००० | २००० | पहिलो चौमासिक |
| | २. | पार्वती पुन | वडा नं. १० | २०७५/६/१६ | १६००० | १०००० | पहिलो र दोश्रो चौमासिक |
| | ३. | पुर्ण वहादुर घर्ती | वडा नं. १० | २०७४/१२/१० | ८००० | ८००० | पहिलो चौमासिक |
| | ४. | मन वहादुर पुन | वडा नं. १० | २०७५/७/२४ | ८००० | ८००० | दोश्रो चौमासिक |
| | ५. | हरीकला पुन | वडा नं. १० | २०७५/७/२९ | ८००० | ८००० | दोश्रो चौमासिक |
| | ६. | चन्द्रविर थापा | वडा नं. ९ | २०७५/४/२० | ८००० | ६००० | पहिलो चौमासिक |
| | ७. | सरी थापा | वडा नं. ९ | २०७५/१/३ | २४००० | २४००० | पहिलो, दोश्रो र तेश्रो चौमासिक |
| | ८. | नारायण सिंह राना | वडा नं. ७ | २०७५/८/५ | ८००० | ६००० | दोश्रो चौमासिक |
| | | | | | **जम्मा** | **७२०००.००** | |

| | | |
|---|---|---|
| ४४.८. | **दोहोरो सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कुनै पनि लाभग्राहीलाई दोहोरो पर्नेगरी भत्ता वितरण नगरिने कुरा उल्लेख छ। कार्यालयले वडा नं. १० की कलावती श्रीष (जन्म मिति २००४।०१।०८। ना.प्र.नं.८१४७।११४७) लाई तीन वटै चौमासिकमा जेष्ठ नागरिक अन्य र विधवा भत्ता समेत वितरण गरेको देखिएकोले दोहोरो परेको विधवा भत्ता वापतको रकम निजवाट असूल गरी संचितकोष दाखिला हुनुपर्ने रु. | १२०००.०० |
| ४४.९. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कुनै पनि लाभग्राहीलाई दोहोरो पर्नेगरी भत्ता वितरण नगरिने कुरा उल्लेख छ। कार्यालयले वडा नं. ७ की रुपा मगर्नी (ना.प्र.नं. ३०६) लाई पहिलो चौमासिकमा विधवा भत्ता तथा जेष्ठ नागरिक अन्य भत्ता गरी दुवै शिर्षकमा भत्ता वितरण गरेको देखिएकोले दोहोरो वितरण भएको विधवा भत्ता वापतको असूल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु. | ४०००.०० |
| ४४.१०. | **उमेर नपुगी भत्ता वितरणः** २००७।५।१० मा जन्म भएकी वडा नं. १० की हरीकला श्रीषलाई जेष्ठ नागरिक अन्य र विधवा दुवै तर्फवाट भत्ता वितरण भएको देखिएकोले निजलाई उमेर नपुगी जेष्ठ नागरिक अन्य समूहवाट वितरण भएको भत्ता रकम रु.१२,०००। असूल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु. | १२०००.०० |
| ४४.११. | **नाम र जन्म मिति एउटै भएकालाई दोहोरो भुक्तानीः** जन्म मिति १९९८।०१।०१ उल्लेख भएका वालीका पाध्या (ना.प्र.नं १५४) र वालीका पाध्यानीलाई पहिलो र दोश्रो चौमासिकमा दोहोरो भत्ता वितरण भएको तथा तेश्रो चौमासिकमा एक जनाले मात्र भत्ता वुझेको भरपाई संलग्न रहेको देखिएकोले निज व्यक्तिहरु फरक फरक हुन या होइनन भनी प्रमाणित गर्ने कागजात लेखापरीक्षणको कममा माग हुँदा सो वमोजिमको कागजात पेश नभएकोले सो प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने अन्यथा २ चौमासिकमा दोहोरो वितरण भएको भत्ता वापतको रकम असूल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | १६०००.०० |

४५. **पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमःक**

**समपुरक कोषः** नगरपालिका र विभिन्न खानेपानी उपभोक्ता समिति विच खानेपानी तथा सरसफाई आयोजनाको निर्माण कार्य गर्दा नेपाल सरकार र फिनल्याण्ड सरकारको स्रोतवाट ३१।३१ प्रतिशत, नगरपालिकाको १० प्रतिशत समपुरककोष र उपभोक्ता समितिले २८ प्रतिशत श्रमदान व्यहोर्नु पर्ने गरी तपशिलका खानेपानी आयोजना निर्माण कार्यका लागी नगरपालिका र खानेपानी उपभोक्ता समिति विच सम्झौता भएकोमा नगरपालिकाले रनिङ्ग विल तथा अन्तिम विल भुक्तानी गर्दा न.पा.को समपुरक कोष बाट व्यहोर्नूपर्ने समेत नेपाल सरकार र फिनल्याण्ड सरकारको स्रोतबाट व्यहोरेको पाइयो । यसरी न.पा.को समपुरक कोषबाट व्यहोर्नु पर्ने रु.१२,१४,४०५। रकम संघीय वजेटबाट खर्च लेखेको अनियमित भएको रु १२१४४०५.००

| सि.न. | गो.भौ.। मिति | खा.पा. आयोजनाको नाम | यस शिर्षकबाट खर्च लेख्नु पर्ने रकम | न.पा.को समपुरक कोष बाट खर्च लेख्नु पर्ने रकम | यस शिर्षकबाट खर्च लेखेको रकम | वढी खर्च लेखेको अनियमित रकम |
|---|---|---|---|---|---|---|
| १. | २।०७५।६।२३ | ठुलढुङ्गा चापाखर्च डाङ्गी खा.पा.योजना | २१५१४८८ | ३५३२८२ | २५०४७७० | ३५३२८२ |
| २. | १।०७५।६।२३ ८।०७५।११।१९ | त्रिमुरे मूलपानी खा.पा. योजना | ५०९८६७२ | ८२२३६७ | ५९२१०३९ | ८२२३६७ |
| ३. | ११।०७६।१।९ | कालापाताल खा.पा.योजना | २३५४३१ | ३७९७३ | २७४१८७ | ३८७५६ |
| | | **जम्मा** | **७४८५५९१** | **१२१३६२२** | **८६९९९९६** | **१२१४४०५** |

४६.

**स्थानीय निकाय साझेदारी (३६५१६०६)**

कवोल अंक रु.१२५२८३५१। भएको कुश्मीसेरा देखि जुम्लीखोलासम्मको कालोपत्रे गर्ने कार्यको मिति २०७६।३।१७ मा निर्माण कार्य सम्पन्न गर्ने गरी वि.एम.ए. निर्माण सेवा सँग मिति ०७५।१२।२८ मा सम्झौता भएको थियो । निर्माण सम्पन्न पश्चात प्रथम विलको रु.४३,५२,८७६। दोस्रो विलको रु. ३१,४७,९३०। र तेस्रो तथा अन्तिम विल वाट रु.३६,७१,६१९। भुक्तानी भई जम्मा रु.१,११,७२,४२५। भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् ।

४६.१. **(क) घटी अवधिको विमाः** ६४२।०७६।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँ भन्दा वढी मूल्यको निर्माणकार्य गर्ने निर्माण व्यवसायीले प्रयोग गर्ने निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायतको निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी वीमा गराउनुपर्ने व्यवस्था छ। यो निर्माण कार्यको ०७५।१२।१८ देखि ०७६।३।१७ सम्म र त्रुटि सच्याउने अवधि २०७७।३।१६ सम्म रहेकोमा निर्माण सेवाले एन.एल.जी. इन्सुरेन्स कम्पनीको २०७६ आषाढ २ देखि २०७६ आश्वीन ३० सम्म २ महिना २९ दिनको अवधिको विमा गरेको कागजात पेश गरी अन्तिम विलवाट मु.अ.कर समेत रु.१,४७,४६५। भुक्तानी लिएको छ । सम्झौता अनुसार १५ महिना २९ दिन अवधि भएको विमा पोलिसी पेश हुनुपर्नेमा २ महिना २९ दिन अवधिको विमा पोलिसीवाट भुक्तानी दिन मिल्ने नदेखिएकोले अन्तिम विलवाट विमा वापत भुक्तानी भएको रकम संवन्धित निर्माण व्यवसायीवाट असूल हुनुपर्ने रु. १४७४६५.००

४६.२. **(ख)वढी भुक्तानीः** ७४२।०७६।३।३१ रनिङ्ग विल तथा अन्य विल विजकको रकम भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा उल्लेख

| | | |
|---|---|---|
| | छ । यस कालोपत्र निर्माण कार्यको अन्तिम नापी तथा मूल्यांकन हुँदा निर्माण सेवा लाई मु.अ.कर समेत रु.३५,०५,४१२। भुक्तानी दिने सिफारिस भएकोमा ०७६।३।३१ गो.भौ.न. ७४२ वाट रु.३६,७१,६१९। भुक्तानी भएकोले वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी हुने भन्दा रु.१,६६,२०७। वढी भुक्तानी भएको रकम संवन्धित निर्माण व्यवसायीवाट असूल हुनुपर्ने रु. | १६६२०७.०० |
| ४७. | **स्थलगत अवलोकन:** २०७६ आषाढ १७ मा सम्पन्न देखाएको यस कुश्मीसेरा देखि जुम्नीखोलासम्मको कालो पत्रे कार्यको लेखापरीक्षणको कममा २०७६ भाद्र २५ मा स्थलगत निरीक्षण गर्दा कालो पत्रे सडकको ठाउँ ठाउँमा कालोपत्रे उप्कीई खाल्डा खुल्डी परेको र सडकको उत्तरी किनाराको भित्तावाट पानी रसाई सडकको धेरै भागमा क्षति पुर्‍याएको पाइयो । यस सम्बन्धमा छलफल र अवलोकन गर्दा निर्माण कार्यको डिजाइन र इस्टीमेट गर्दा ड्रेनेजको आइटम नरहेको र ड्रेनेज नभएको कारण उत्तरी साइडको भिर वाट रसाउने पानी सोझै रोडमा पर्न गई कालोपत्रे भागलाई असर गरेको देखियो । निर्माण सम्पन्न पश्चात जिल्ला समन्वय अधिकारी सहितको टोलीले अनुगमन गरी दिएको प्रतिवेदन अनुसार २५८ मिटर ड्यामेज पार्ट को भुक्तानी नदिने निर्णय भए अनुसार ड्यामेज पार्ट को रु. १५ लाख कट्टा गरी न.पा.ले भुक्तानी दिएको स्रेस्ता परीक्षण गर्दा देखियो । | |
| | **स्वास्थ्यतर्फ:** | |
| ४८. | **वढी भ्रमण भत्ता भुक्तानी:** ६०।२०७६।१।३१ भ्रमण खर्च नियमावलीमा कार्यालयको कामको शिलशिलामा भ्रमणमा जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिने व्यवस्था छ । स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ दिने (२०७५।१२।१८) अभिमुखीकरण कार्यक्रमको लागि वागलुङवाट जैमिनी आउँदा निम्नानुसारका कर्मचारीहरुलाई फर्कदाको दिनको समेत जम्मा ४ दिन (२०७५।१२।१७ देखि १२।२०) को दैनिक भ्रमण भत्ता भुक्तानी भएको छ । वागलुङवाट नजिक रहेको तथा सवारी साधन सहज रुपमा चल्ने अवस्थामा १ दिने कार्यक्रमको लागि चार दिनको दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले वढी भुक्तानी भएको निम्नानुसारको दैनिक भ्रमण भत्ता वापतको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.<br>**सि.नं.** \| **नाम पद** \| **२ दिनको वढी भुक्तानी रकम**<br>१. \| वरिष्ठ जनस्वास्थ्य प्रशासक दिपक प्रसाद तिवारी \| ३२००<br>२. \| तथ्यांक सहायक घनश्याम सापकोटा \| २४००<br>३. \| हे.अ.चुडामणी कँडेल \| २४००<br>४. \| ह.स.चा. रुद्र वहादुर पराजुली \| २०००<br>\| **जम्मा** \| **१००००** | १००००.०० |
| ४९. | ५१।२०७५।१२।१४ हात्तीपाइले विरुद्धको आम औषधी सेवन(MDA) कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए अनुसार आम औषधी सेवन कार्यक्रममा स्वास्थ्यकर्मी परिचालन गर्दा पहाडमा एक स्वास्थ्यकर्मी बरावर ४० घर परिवार र तराईमा एक स्वास्थ्यकर्मी बरावर ५० घर परिवारलाई औषधी खुवाउनुपर्ने उल्लेख छ । साथै यसरी स्वास्थ्यकर्मी परिचालन गर्दा खटिएका स्वास्थ्यकर्मीलाई यातायात खर्च रु. ५०० र खाजा खर्च रु. २०० गरी एक जनालाई प्रतिदिन रु. ७०० खर्च दिने व्यवस्था छ । हात्तीपाइले विरुद्धको आम औषधी सेवन(MDA) कार्यक्रमको लागि जन स्वास्थ्य अधिकृत गोविन्द प्रसाद शर्माले लिएको पेश्की रु.७,४६,०००। फछ्र्यौटको फाँटवारी परीक्षण गर्दा कुल ६५०९ घरधुरी रहेको नगरपालिकामा निर्देशिका वमोजिम वढीमा १६३ जना स्वास्थ्यकर्मी परिचालन गरी रु.१,१४,१००। खर्च लेख्नुपर्नेमा रु.२,२९,८००। खर्च लेखेको पाइयो । यसरी | |

| | | |
|---|---|---|
| | निर्देशिकाले तोकेको भन्दा वढी स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्यकर्मीलाई यातायात र खाजा खर्च वापत वढी खर्च लेखेको रकम सम्वन्धित व्यक्ति गोविन्द प्रसाद शर्मावाट असूल हुनुपर्ने रु. | ११५७००.०० |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** | |
| ५०. | तपशिलमा उल्लेखित गोश्वारा भौचरहरुबाट विभिन्न सामानहरु खरिद गरिएकोमा खर्च भएर नजाने म.ले.प.फा.नं.४७ तथा खर्च भएर जाने म.ले.प.फा नं. ५२ जिन्सी खातामा आम्दानी वाँधि भुक्तानी दिनुपर्नेमा सो नबाधि भुक्तानी दिएकोले उक्त खर्चको आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु. | १४०२३९.०० |

| सि. नं. | भौ.नं मिति | सामानको नाम | रकम | आम्दानी वाध्नुपर्ने मलेपफा नं. |
|---|---|---|---|---|
| १ | १-२०७५।१२।१७ | Dell Micro Desktop With Led Monitor i5 | ७७९९९ | ४७ |
| २ | | Canon Networker Printer | ४६००० | ४७ |
| ४ | -२०७६।३।३१ | घन ३ वटा,बेल्चा ८ गोटा र गैचि ४ वटा | ९३०० | ५२ |
| ५ | १५-२०७६।३।३१ | घन २ (सानो ठुला) वटा,बेल्चा ३ गोटा र गैचि ४ वटा, कुटो २ वटा,गल १ | ६९४० | ५२ |
| | | **जम्मा** | **१४०२३९** | |

| | | |
|---|---|---|
| | **शिक्षा तर्फः** | |
| ५१. | **शिक्षक शिकाई सामाग्री तथा बुक कर्नरः** ३६।०७६।३।१८ Emis Data को आधारमा विधार्थी सख्या एकिन गरी प्रत्येक सामुदायीक विद्यालयको वाल विकास कक्षामा अध्ययनरत प्रति विद्यार्थी रु. ५००।, आधारभुत तह (कक्षा १–५) मा अध्ययनरत प्रति विद्यार्थीी रु १५०।, आधारभुत तह (कक्षा ६–८) मा अध्ययनरत प्रति विद्यार्थी रु.२००।, माध्यमिक तह (कक्षा ९–१०)मा अध्ययनरत प्रति विद्यार्थी रु २००। र माध्यमिकतह (कक्षा ११–१२) मा अध्ययनरत प्रति विद्यार्थी रु २५०। का दरले शिक्षण शिकाई सामाग्री बुक कर्नर अनुदान निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७५।७६ को कियाकलाप न. २.१५.११.७७० मा उल्लेख छ । यस नगरपालिका अन्तर्गत ८० विद्यालय र ६८ वाल विकास केन्द्र रहेका छन् । नगरपालिकाले Emis Data को आधारमा विद्यार्थी सख्या एकिन गरी कार्यान्वयन पुस्तिकामा उल्लेखित दरमा ८० विद्यालय र ६८ वाल विकास केन्द्रलाई शिक्षण सिकाई तथा बुक कर्नर अनुदान वापत २६।०७६। १।१७ वाट एकमुष्ट रु ११५७७००। निकासा दिएकोमा पुनः Emis Data मा नाम उल्लेख नभएको विद्यार्थीको छुट निकासा उल्लेख गरी देहायका ३ विद्यालयका खातामा रु २८२००। निकासा दिएको छ । Emis Data मा समावेश नभएको विद्यार्थीको नाममा बुक कर्नर वापतको निकासा दिन नमिल्ने तथा छुट भनी थप रकम निकासा गर्दा दोहोरो पर्ने देखिएकोले सम्बन्धित विद्यालयवट उक्त रकम फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | २८२००.०० |

| सि.न. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १. | सुन्तलाचौर मा.वि. दमेक | ९००० |
| २. | कृष्ण प्रा.वि. दमेक | ७०५० |
| ३. | पल्लोपाखा सामुदायिक मा.वि. | १२१५० |
| | **जम्मा** | **२८२००** |

<table>
<tr>
<td>५२.</td>
<td>
गैर आवासिय छात्रावृतिः ३६।०७६।३।१८ शैक्षिक सत्र २०७६ साल वैशाखमा सामुदायिक विद्यालयका आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीका लागि विपन्न लक्षित हुने गरी गैर आवासिय छात्रवृति तोकिएको दरमा विद्यालय खातामा निकासा दिने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप न. २.१५.११.७७२ मा उल्लेख छ। यस नगरपालिका अन्तर्गत जम्मा ८० वटा सामुदायिक विद्यालय र ६८ वाल विकास केन्द्र रहेका छन् । नगरपालिकाले Emis Data को आधारमा विद्यार्थी संख्या एकीन गरी ८० सामुदायिक विद्यालयलाई गैर आवासिय छात्रावृति वापत २६।२०७६।११।१७ मा रु.१५,०९,९००। निकासा दिएकोमा पुन Emis Data मा नाम समावेश नभएको विद्यार्थीको छात्रवृति छुट रकम उल्लेख गरी ६ विद्यालयको नाममा रु.१८,५००। निकासा दिएको छ । Emis Data मा नाम समावेश नभएको विद्यार्थीको नाममा छात्रवृति रकम निकासा दिन नमिल्ने तथा छुट भनी थप रकम निकासा गर्दा दोहोरो पर्ने देखिएकोले निकासा गएको उक्त रकम फिर्ता प्राप्त गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>जनज्योति आ.मा.वि. प्रा.वि.</td><td>८००</td></tr>
<tr><td>२.</td><td>जनकल्यान मा.वि अर्जेवा</td><td>५००</td></tr>
<tr><td>३.</td><td>कृष्ण प्रा.वि. दमेक</td><td>१३६००</td></tr>
<tr><td>४.</td><td>भगवती प्रा.वि. जैदी</td><td>८००</td></tr>
<tr><td>५.</td><td>सिद्ध प्रा.वि. पैयुथन्थाप</td><td>८००</td></tr>
<tr><td>६.</td><td>राङखानी मा.वि. राङ्गखानी</td><td>२०००</td></tr>
<tr><td>७.</td><td>जम्मा</td><td>१८५००</td></tr>
</table>
</td>
<td>१८५००.००</td>
</tr>
<tr>
<td>५३.</td>
<td>पाठ्य पुस्तक अनुदानः २५।०७५।१२।१२ विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप न. २.१५.११.७६१ मा वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना सख्याको यथार्थ तथ्याङ्क सम्बन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकीन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विद्यालय खातामा निकासा दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ । यस नगरपालिक अन्तर्गत ८० विद्यालय संख्या रहेको र सो विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई उपरोक्त निर्देशिका अनुसार दोस्रो चौमासिकमा प्रथम पटक ७५ प्रतिशतले हुने रु.२२,४०,९७६। मात्र ८० विद्यालयका खातामा निकासा दिनुपर्नेमा दोस्रो चौमासिकको शुरु मै १०० प्रतिशतले हुने रु.२९,८७,९७०। निकासा दिएको पाईयो । कार्यान्वयन पुस्तिका २०७५।७६ मा दोस्रो चौमासिकमा ७५ प्रतिशत रकम निकासा दिए पश्चात पाठ्यपुस्तक पाए नपाएको अनुमान गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख भएता पनि सो अनुसार नगरी दास्रो चौमासिकक मै शत प्रतिशत पाठ्यपुस्तक अनुदान रकम निकासा दिनु उपयुक्त देखिएन । अनुगमन र एकीन नगरी शत प्रतिशत निकासा गर्दा अनुदान रकमको दुरुपयोग हुने संभावना रहेकोले नगरपालिकाले चालु शैक्षिक सत्रमा अध्ययनरत विद्यार्थी संख्या एकीन गरेर मात्र कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यवस्था अनुसार पाठ्यपुस्तक अनुदान निकासा दिने व्यवस्था मिलाउन पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>५४.</td>
<td>पुस्तकालय अनुदानः २८।०७६।१।१९, ३६।०७६।३।१८ छनौट भएको माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान वापत प्रति विद्यालय रु. ६५००००। का दरले अनुदान दिने र सो रकमवाट विद्यालयलाई आवश्यक पर्ने फर्निचर, पुस्तक, र्‍याक, कुर्सी, टेवल आदि सामग्रीहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ वमोजिमका प्रकृया पुरा गरी खरिद गरिएका सामग्री विद्यालयमा आम्दानी वाँधेको प्रमाण पेश हुनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>२०७५।७६ को क्रियाकलाप न. २.१५.११.७८ मा उल्लेख छ । नगरपालिकाले यस आ.व.मा ४ स्कुललाई पुस्तकालय अनुदान स्वरुप रु.२६,००,०००। अनुदान निकासा दिएकोमा सामग्री खरिदको विवरण, जिन्सी दाखिला र खरिद प्रकृयाको प्रमाण लेखापरीक्षणको शिलशिलामा पेश भएन । अत: कार्यक्रम अनुसार निकासा भएको रकमवाट खरिद प्रकृया पुरा गरी पुस्तकालय सामग्री खरिद गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>सि.न.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>१.</td><td>जनता प्रा.वि. सर्कुवा</td><td>६५००००</td></tr>
<tr><td>२.</td><td>सतिढुङ्गा मा.वि. जैदि</td><td>६५००००</td></tr>
<tr><td>३.</td><td>छिस्ती आ.वि. छिस्ती</td><td>६५००००</td></tr>
<tr><td>४.</td><td>जनता मा.वि. पाही राङखानी</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६०००००</td></tr>
</table>
</td>
<td>२६०००००.००</td>
</tr>
<tr>
<td>५५.</td>
<td>आई सि.टि अनुदान: २८।०७६।१।१९, ३६।०७६।३।१८ स्थानीय तहले इन्टरनेटको पहुँच भएको तथा नियमित विद्युत आपूर्ति भएका विद्यालयहरुको छनौट गरी ल्याव व्यवस्थापनका लागी फर्निचर, कम्प्युटर, उपकरण, सफट्वेर खरिद कार्यको लागि प्रति विद्यालय रु.६,५०,०००। का दरले अनुदान दिने र सो अनुदानवाट सामग्री खरिद गर्दा विद्यालयले नमुना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ र सार्वजनिक खरिद ऐन तथा नियमावलीका प्रकृया पुरा गर्नुपर्ने व्यवस्था कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप न. २.१५.११.७८९ मा उल्लेख छ। यस नगरपालिकाले दुई माध्यमिक विद्यालयलाई आई सि.टि. ल्याव वापत प्रति विद्यालय रु.६,५०,०००। का दरले जम्मा रु.१३,००,०००। निकासा दिएकोमा उपरोक्त खरिद विधि, प्रकृया र स्पेशिफिकेशन अनुसार आई सि.टि. सामग्री खरिद गरेको प्रमाण पेश भएन । अत: विद्यालयहरुको कार्यक्रम अनुसार निकासा दिएको रकमवाट खरिद प्रकृया पुरा गरी आई सि.टि. सामग्री खरिद गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>सि.न.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>१.</td><td>जनप्रिय मा.वि. दमेक</td><td>६५००००</td></tr>
<tr><td>२.</td><td>विजुवा मा.वि. पैयुथन्थाप</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३०००००</td></tr>
</table>
</td>
<td>१३०००००.००</td>
</tr>
<tr>
<td>५६.</td>
<td>दुइ कोठे भवन निर्माण: ३९।०७६।३।३१ भौतिक निर्माणको लागि आवश्यक रहेका विद्यालय छनौट गरी दुई कोठे विद्यालय भवनको लागि १६ लाख रकम उपलव्ध गराउन स्थानीय निकायले विद्यालयसँग सम्झौता गर्ने र स्थानयि सामग्री संकलन तथा जग खन्ने कार्य सुरु भए पछि पहिलो किस्ताको रुपमा कुल अनुदानको ३० प्रतिशत, स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पछि ५० प्रतिशत र कार्य सम्पन्न पश्चात वाँकी २० प्रतिशत रकम निकासा दिने र त्यसरी भवन निर्माण तथा मर्मत सम्भार कार्य वापत रकम प्राप्त विद्यालयले आर्थिक वर्षको जेष्ठ मसान्त भित्र निर्माण कार्य सम्पन्न गरी आषाढ १५ गते भित्र कार्य सम्पन्न प्रतिवेदन स्थानीय तहमा उपलव्ध गराउनुपर्ने, सम्झौता अवधि भित्र निर्माण वा मर्मत कार्य सम्पन्न नगर्ने वा निर्माण कार्य नगरी विद्यालयको खातामा नगद जम्मा गरी राख्ने विद्यालयवाट त्यस्तो रकम असूल उपर गराउनुपर्ने व्यवस्था कार्यक्रम कायन्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप न. ८.२.३.३१.१० मा उल्लेख छ। सम्झौता पश्चात कार्य प्रगति हेरी किस्ता किस्तामा उपलव्ध गराउनुपर्ने अनुदान रकम आ.व. को अन्तमा तपशिलका तीन विद्यालयलाई प्रतिविद्यालय रु.१०,२०,०००। का दरले रु.३०,६०,०००। निकासा दिएको छ। निकासा गएको उक्त रकमवाट विद्यालय भवन निर्माण कार्यको प्राविधिक मूल्याङ्कन लेखापरीक्षण अवधि २०७६ भाद्र २५ सम्म प्राप्त नभएको न.पा. वाट निकासा भएको रकमको दुरुपयोग हुन सक्ने देखिएकोले कामको प्रगति मूल्याङ्कन पेश हुनुपर्ने रु.</td>
<td>३०६००००.००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | सि.न. | विद्यालयको नाम | रकम | |
| | १. | जनकल्याण मा.वि. अर्जेवा | १०२०००० | |
| | २. | जनज्योति प्रा.वि. पैयुथन्थाप | १०२०००० | |
| | ३. | भगवती प्रा.वि. | १०२०००० | |
| | | **जम्मा** | **३०६००००** | |
| ५७. | ३९।०७६।३।३१ नगरपालिकाले तीन विद्यालयलाई आर्थिक वर्षको अन्तमा शौचालय निर्माण वापत रु. १५,७६,५००। निकासा दिएको छ । शौचालय निर्माणको प्रगति र कार्य मूल्याङ्कन वेगर निकासा दिएको रकमको नगरपालिकाले अनुगमन गरी निर्माण कार्यको प्राविधिक मूल्याङ्कन सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | | | १५७६५००.०० |

| सि.न. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १. | जनशिक्षित मा.वि अर्वेवा | ४४६००० |
| २. | पल्लो पाखा सा.मा.वि. कुश्मीसेरा | ४६५५०० |
| ३. | बसन्त मा.वि. छिस्ती | ६६५००० |
| | **जम्मा** | **१५७६५००** |

५८. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावलीको नियम १३३ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार तपशिलको नाममा रु.४९,९०,०००। पेश्की फछ्र्यौट नभै बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. — ४९९००००.००

| **सि. न.** | **व.उ.शि.नं.** | **पेश्की लिएको मिति** | **पेश्की लिनेको नाम** | **पेश्की बाँकी रकम** |
|---|---|---|---|---|
| | वित्तीय समानीकरण चालु | ०७६/१/२७ | अम्बिका सापकोटा | १५४००० |
| | सशर्त अनुदान शिक्षा | ०७६/१/१६ | पल्लोपाखा सा.मा.वि. | १९९५०० |
| | " | ०७६/३/३१ | जनकल्याण मा.वि. | १०२०००० |
| | " | ०७६/३/३१ | जनज्योति मा.वि. | १०२०००० |
| | " | ०७६/३/३१ | भगवती प्रा.वि. | १०२०००० |
| | " | ०७६/३/३१ | जनशिक्षित मा.वि. | ४४६००० |
| | " | ०७६/३/३१ | पल्लोपाखा सा.मा.वि. | ४६५५०० |
| | " | ०७६/३/३१ | वसनत मा.वि. | ६६५००० |
| | | **जम्मा** | | **४९९००००** |

**अनुसूची- १**

# जैमिनी नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| | जैमीनी नगरपा लका | वागलुङ | ४९९५० | १०१८० | ४७१६८० | ६२११६ | ५४३९७६ | ३७९९६३ | १४७१७१ | | ५२७१३४ | ६६७९२ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | वागलुङ | जैमीनी नगरपा लका | ३५ | ४१ | ३४१५९ | ० | ० | ० | ३५ | ४१ | ३४१५९ | २०१० | ६३०८ | २०८५१ | ० | ० | २७१५९ | १५४ | ४८३६ | ४९९० |

**अनुसूचि ३**

# अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | जैमीनी नगरपा लका | वागलुङ | १९७३६ | | १९७३६ | | ३४१५९ | ५३८९५ |